नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

संयुक्त निरीक्षण अनुगमन सम्बन्धी विवरण

मितिः२०८३/०६/३०

यस खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागसंगको संयुक्त अनुगमन टोलीले मिति २०८३/०६/३० मा उजुरी गुनासो व्यवस्थापन गर्ने क्रममा ललितपुर म.न.पा.-१२, पाटन दरबार स्क्वायर स्थित **यल क्याफे डु टेम्पल रेष्टुरेण्ट**को अनुगमन/निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तालिकामा उल्लेख भए अनुसारको काम कारबाही गरिएको व्यहोरा अनुरोध छ।

सि.नं.	उजुरी सम्बन्धि विवरण	खाद्य व्यवसायको विवरण	अनुगमन गर्दाको अवस्था/ कैफियत	निर्देशन / कारबाही
१.	मःम खादा साङ्ला परेको उजुरी प्राप्त भएको	यल क्याफे डु टेम्पल रेष्टुरेण्ट, पाटन दरबार स्क्वायर, ललितपुर म.न.पा.१२, ललितपुर	• भान्सा कोठाको सरसफाई सन्तोषजनक नपाइएको, • भान्सा कोठामा खाद्य पदार्थ भण्डारण गर्दा लेबल विवरण नलगाई अव्यवस्थित तरिकाले भण्डारण गरेको पाइयो, • भान्सा परिसर निरिक्षण गर्दा साङ्ला नभेटिएको तथापी अनावश्यक सामानहरुको भण्डारण गरेको, खाद्य पदार्थ नछोपी राखेको, फोहोरदानी नछोपी फोहोर फाल्ने गरेको र कीट नियन्त्रण नियमित रुपमा गरेको अभिलेख नभएको पाइयो।	• **उपभोक्ता हित संरक्षण ऐन २०७५ को दफा १५ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९(१) बमोजिम रु २०,०००/- (बिस हजार रुपैंया मात्र) जरिवाना गरिएको।** • भान्साको अव्यवस्थित सामान हटाई खाना नबन्ने समयमा भान्सामा पुर्ण रुपमा कीट नियन्त्रण गरि सोको प्रमाण फोटो विभागमा ७ दिन भित्र पेश गर्न।

<u>अनुगमनका केहि झलकहरु</u>

नेपाल सरकार
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं